# केराबारी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
केराबारी, मोरङ
कोशी प्रदेश, नेपाल

प.सं.०८०/८१
च.नं. १६३४

मिति २०८०/११/०३

विषय : आधारभूत तह (कक्षा ८) उत्तीर्ण परीक्षा सम्बन्धी जरुरी सूचना ।

श्री आधारभूत (कक्षा ८ सञ्चालित) र माध्यमिक विद्यालयहरु सबै,
केराबारी गाउँपालिका, मोरङ ।

केराबारी गाउँपालिका, परीक्षा सञ्चालन तथा समन्वय समितिको मिति २०८०/१०/२६ को वैठक र आधारभूत तह उत्तीर्ण परीक्षा सञ्चालन समितिको मिति २०८०/११/०३ गतेको वैठकको निर्णय अनुसार शैक्षिक सत्र २०८० को आधारभूत तह उत्तीर्ण परीक्षा तपसिल बमोजिम सञ्चालन गरिने भएकोले परीक्षालाई व्यवस्थित, मर्यादित र शान्तिपूर्ण रुपमा सम्पन्न गर्न देहाय बमोजिम गर्नु गराउनुहुन अनुरोध छ ।

तपसिल

| क्र.सं. | विषय | परीक्षा हुने मिति | कैफियत |
|---|---|---|---|
| १ | नेपाली | २०८०/१२/०१ गते बिहिबार | |
| २ | अंग्रेजी | २०८०/१२/०२ गते शुक्रवार | |
| ३ | गणित | २०८०/१२/०४ गते आइतवार | |
| ४ | सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा | २०८०/१२/०५ गते सोमबार | |
| ५ | विज्ञान तथा प्रविधि | २०८०/१२/०६ गते मंगलवार | |
| ६ | स्वास्थ्य, शारीरिक तथा सिर्जनात्मक कला | २०८०/१२/०७ गते बुधवार | |
| ७ | स्थानीय विषय (हाम्रो केराबारी) | २०८०/१२/०८ गते बिहिबार | |

परीक्षा समय : दिनको ११ : ०० बजे देखि ।

१. परीक्षामा सामेल हुने परीक्षार्थीको आवेदन फारम मिति २०८०/११/१५ गतेभित्र गाउँपालिकाको शिक्षा शाखामा पेश गर्ने । आवेदन फारम भर्दा विद्यार्थीको नाम, थर, जन्ममिति लगायतको विवरण एकिन गरी पछिसम्म फरक नपर्ने सुनिश्चित गर्ने र सोहि बमोजिम EMIS प्रणालीमा समेत अनिवार्य रुपमा अद्यावधिक गरेको हुनुपर्ने ।
२. परीक्षा केन्द्र सम्वन्धित विद्यालयमा नै कायम गरिएको र केन्द्राध्यक्ष सम्वन्धित विद्यालयको प्रधानाध्यापक हुने व्यवस्था गरिएको।
३. परीक्षाका प्रश्नपत्र लगायतका परीक्षा सामग्री मिति २०८० फागुन २९ गते गाउँपालिकाको शिक्षा शाखाबाट सम्वन्धित विद्यालयको प्रअ वा निजले तोकेको शिक्षकले बुझिलिनुपर्ने । प्रश्नपत्र बुझिसकेपछि प्रश्नपत्रको गोपनियता भङ्ग भएमा वा परीक्षा सामग्रीको दुरुपयोग भएमा प्रधानाध्यापक नै पूर्ण रुपमा जिम्मेवार हुने ।

अर्जुन घिमिरे
अधिकृत सातौं

ई-मेल: kerabariruralmun@gmail.com,वेभसाइट: www.kerabarimun.gov.np, फोन नं. ०२१-४०३११०
"कृषि पर्यटन सहितको पुर्ण पुर्वाधार, समृद्व केराबारी हाम्रो आधार"

CamScanner

# केराबारी गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

केराबारी, मोरङ
कोशी प्रदेश, नेपाल


प.सं.०८०/८१
च.नं. १६३५

४. परीक्षा सञ्चालनको लागि निरीक्षक लगायत आवश्यक कर्मचारीको व्यवस्थापन र परीक्षा सामग्रीको ढुवानीको प्रबन्ध विद्यालय स्वयंले नै गर्नुपर्ने ।

५. परीक्षा सञ्चालन हुने दिन परीक्षा समय सुरु हुनुभन्दा आधा घण्टा अघि मात्र केन्द्राध्यक्ष सहित कम्तीमा २ जना शिक्षकको रोहवरमा मुचुल्का गरी प्रश्नपत्रको प्याकेट खोल्नुपर्ने । प्रश्नपत्र अपुग भएमा वा प्रश्नपत्रको प्याकेटमा लेखिएको विषय र प्याकेटभित्र रहेका प्रश्नपत्रको विषय फरक परेमा सो को जानकारी तत्काल शिक्षा शाखामा गराउनुपर्ने र शाखाको निर्देशन बमोजिम काम गर्नुपर्ने ।

६. प्रवेशपत्र नभएका र परीक्षा फारम नभरेका विद्यार्थीहरुलाई परीक्षामा सामेल नगराउने ।

७. परीक्षा समाप्त भए पश्चात प्रत्येक दिनको उत्तरपुस्तिका खामबन्दी गरी सुरक्षित साथ राख्ने ।

८. तोकिएको दिन परीक्षामा सामेल हुन नसक्ने परीक्षार्थीहरुको लागि पुन : अर्को परीक्षाको व्यवस्था नगर्ने ।सो को अग्रिम जानकारी परीक्षार्थीहरुलाई गराउने ।

९. कुनै परीक्षार्थीलाई सहयोगी लेखक राख्नुपर्ने अवस्था भएमा परीक्षार्थीको निवेदन र आधार तथा प्रमाण समेत संलग्न राखी केन्द्राध्यक्षले कक्षा सात वा सो भन्दा तल्लो कक्षामा अध्ययन गर्ने विद्यार्थीलाई सहयोगी लेखक राख्न दिने र सो को जानकारी शिक्षा शाखामा पठाउने ।

१०.पाठ्यक्रमले तोके बमोजिम विद्यार्थीहरुको प्रयोगात्मक (आन्तरिक) परीक्षा सञ्चालन गरी सो को प्राप्तांक सहितको अभिलेख सुरक्षित रुपमा विद्यालयमा राख्ने प्रबन्ध मिलाउने । परीक्षा समितिले तोकेको समयभित्र विद्यार्थीको प्राप्तांक शिक्षा शाखामा पठाउने ।

११. परीक्षा सञ्चालन सम्बन्धमा कुनै द्विविधा र समस्या उत्पन्न भएमा गाउँपालिकाको परीक्षा समिति र शिक्षा शाखासँग आवश्यक समन्वय गर्ने ।

अर्जुन घिमिरे
(सचिव)
(आधारभूत तह उत्तीर्ण परीक्षा सञ्चालन समिति)

वोधार्थ : श्री सूचना प्रविधि शाखा : वेवसाइटमा सूचना अपलोड गरिदिनुहुन ।



CamScanner